**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- **राष्ट्रपति द्रौपदी मुर्मुले नागरिकहरुको स्वास्थ्य सामूहिक जिम्मेवारी रहेको बताउनुभएको छ।**

- **प्रधानमंत्री नरेन्द्र मोदी आज दुई दिनको राजकीय यात्रामा इजराइल प्रस्थान हुनुहुनेछ। श्री मोदीको यो दोस्रो इजराइल यात्रा हुनेछ।**

- **कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानले कृषकहरुको कल्याणका लागि राज्यहरुलाई आवंटित धनराशिको सय प्रतिशत उपयोग आगामी महिनाको 31 तारीख सम्म सुनिश्चित गर्ने बिषय माथि जोर दिनुभएको छ।**

- **डिजिटल इंडिया भाषिनी प्रभाग अनि भारतीय रिज़र्व बैंकले एक महत्वपूर्ण समझौता माथि हस्ताक्षर गरेको छ।**

- **टी-20 क्रिकेट विश्वकपमा हिजराति भएको सुपर-8 को म्याचमा इङ्ल्यान्डले पाकिस्तानलाई 2 विकेटले पराजित गरेको छ। आज अर्को सुपर-8 म्याचमा न्यूजीलैंडको भिडन्त श्रीलंका बीच हुनेछ।**

**राष्ट्रपति - महाराष्ट्र भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मुले नागरिकहरुको स्वास्थ्य सामूहिक जिम्मेवारी रहेको बताउनुभएको छ। उहाले भन्नुभयो कि गरीब भन्दा गरीब मानिसहरुलाई समयमै समुचित चिकित्सा सुविधा सुनिश्चित गर्नको लागि सबैले मिलेर काम गर्नु पर्नेछ। राष्ट्रपतिले हिज मुंबईको पी डी हिंदुजा अस्पतालमा **जीवन बचाना और अधिक स्वस्थ भारत बनाना** विषय माथि एक राष्ट्रव्यापी अभियानको शुभारंभ गर्नुभयो। राष्ट्रपतिले आफ्नो संबोधनमा स्वास्थ्यको महत्व माथि जोर दिनुभयो। राष्ट्रपतिले आफ्नो सम्बोधनमा आयुष्मान भारत योजना, मिशन इंद्रधनुष, टीबी मुक्त भारत अनि पीएम राहत सहित बिभिन्न सरकारी योजनाहरुको उल्लेख गर्नुभयो।राष्ट्रपति महाराष्ट्रको दुई दिने भ्रमणमा हिज मुंबई पुग्नुभएको थियो। उहाले आज राष्ट्रीय आरोग्य मेलाको उद्घाटन गर्नुहुनेछ।

**प्रधानमंत्री-इजराइल**

प्रधानमंत्री नरेन्द्र मोदी आज दुई दिनको राजकीय यात्रामा इजराइल प्रस्थान हुनुहुनेछ। श्री मोदीको यो दोस्रो इजराइल यात्रा हुनेछ। यस अवधि उहाले इजरायलका प्रधानमंत्री बेंजामिन नेतन्याहू सित बैठक गर्नुहुनेछ जसमा भारत-इजराइल रणनीतिक साझेदारीमा भएको महत्वपूर्ण प्रगतिको समीक्षा गरिनेछ। उहाले विज्ञान तथा प्रौद्योगिकी, नवाचार, रक्षा तथा सुरक्षा, कृषि, जल प्रबंधन, व्यापार अनि अर्थव्यवस्था तथा दुवै देशका मानिसहरु बीच आदान-प्रदान सहित बिभिन्न क्षेत्रहरुमा सहयोगको अवसरहरु बारे कुराकानी गर्नुहुनेछ। बैठकमा पारस्परिक हितको क्षेत्रीय तथा वैश्विक मुद्दाहरु माथि पनि विचार-विमर्श गरिने आशा छ।इजराइलमा भारतका राजदूत जे पी सिंहले हाम्रा विशेष संवाददातालाई बताउनु भए अनुसार प्रधानमंत्रीले आज इजराइलको संसद - **क्नेसेट** लाई संबोधित गर्नुहुनेछ। प्रधानमंत्री मोदी इजराइली संसदलाई संबोधित गर्ने पहिलो भारतीय नेता हुनुहुनेछ भनि

उहाले अझ बताउनुभयो ।श्री मोदीले भोलि इजराइलका  राष्ट्रपति इसहाक हर्ज़ोगसित पनि भेट गर्नुहुनेछ ।विदेश मंत्रालयले बताए अनुसार यस यात्राले दुवै देशहरु बीच गहिरो तथा दीर्घकालिक रणनीतिक साझेदारी अझ अधिक दह्रिलो हुनेछ ।

**भारत-इजरायल आतंकवाद विरोधी अभियानहरू**

भारत र इजरायलले आतंकवाद र आतंकवादी संगठनहरू, साथै उनीहरूका प्रतिनिधिहरू, समर्थकहरू, प्रायोजकहरू, वित्तपोषकहरू र सहजकर्ताहरू विरुद्ध लड्न सहयोग गर्ने प्रतिबद्धता दोहोर्‍याए। हिजो नयाँ दिल्लीमा आयोजित आतंकवाद विरोधी भारत-इजरायल संयुक्त कार्य समूह (JWG) को १० औं बैठकमा, दुवै पक्षले सबै रूप र अभिव्यक्तिहरूमा आतंकवादको कडा निन्दा गरे र आतंकवादसँग लड्न दिगो, व्यापक र समन्वित कार्यको आवश्यकतामा जोड दिए। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व विदेश मन्त्रालयमा आतंकवाद विरोधी सहसचिव डा. विनोद बहादेले गरेका थिए। इजरायली पक्षको नेतृत्व विदेश मन्त्रालयमा रणनीतिक मामिला ब्यूरोका प्रमुख नादव आस्चरले गर्नुभएको थियो। उनीहरू दुवै देशमा भएका आतंकवादी हमलाहरूको कडा निन्दा गरे र जिम्मेवारहरू विरुद्ध कडा र तत्काल कारबाहीको आवश्यकतामा जोड दिए। उनीहरूले आतंकवादी भर्ती, आतंकवादी उद्देश्यका लागि प्रविधिको दुरुपयोग, र आतंकवादी वित्तपोषण जस्ता परम्परागत र उदीयमान चुनौतीहरूको समीक्षा गरे, र आतंकवादी गतिविधिहरूको लागि मानवरहित हवाई सवारी साधन (UAV), ड्रोन र कृत्रिम बुद्धिमत्ता (AI) को बढ्दो प्रयोगमा चिन्ता व्यक्त गरे। दुवै पक्षले भारत-इजरायल रणनीतिक साझेदारीको भावना र व्यापक दायरालाई पनि प्रकाश पारे।दुई देशले द्विपक्षीय ढाँचा अन्तर्गत तालिम, साइबर सुरक्षा, उत्कृष्ट अभ्यासहरूको साझेदारी र सूचना आदानप्रदान मार्फत सहयोग बढाउने तरिकाहरू पनि छलफल गरे। उनीहरूले पारस्परिक कानुनी सहयोग सहित कानून प्रवर्तन र न्यायिक सहयोगलाई सुदृढ पार्ने बारेमा पनि छलफल गरे।आतंकवाद विरोधी संयुक्त कार्य समूहको अर्को बैठक इजरायलमा आयोजना हुनेछ।

**एआई समिट-बैंकिंग**

कृत्रिम बुद्धिमत्ता-ए आईले, बैंकिंग क्षेत्रमा डेटा विश्लेषणलाई सुदृढ बनाउन, प्रवृत्ति र धोखाधड़ीको जोखिमहरुको पूर्वानुमान गर्न तथा ग्राहकहरुको सहभागिता बढ़ाउनमा महत्वपूर्ण भूमिका निभाईरहेको छ|नयाँ दिल्लीमा संपन्न इंडिया एआई इम्पैक्ट एक्सपो-2026 बाट यो जान्नमा पाइन्छ कि एआईले कसरी बैंकिंग तंत्रलाई द्रूत गतिमा बदलिरहेको छ। अब वॉइस-इनेबल्ड एआई एजेंट ग्राहक जानकारीदेखी लिएर बैकेंड संचालनसम्म जुनै पनि जिम्मेवारी सम्हालीरहेको छ,जसले परिवर्तनको लागि  समय कम भइरहेको छ भने सम्पूर्ण क्षेत्रमा सुधार पनि भइरहेको छ।आकाशवाणी समाचारसितको बातचीतमा ब्लू मशीन्स एआईको मार्केटिंग प्रमुख अर्पण खोसलाले भन्नुभयो-कंपनी एंटरप्राइज-ग्रेड भोइस एआई आर्केस्ट्रेशन प्लेटफार्म विकसित गरिरहिएको छ जसलाई बैंकिंग, स्वास्थ्य सेवा र विमाननसहित विभिन्न क्षेत्रहरुमा अघिबाटै तैनाथ गरिएको छ।उहाँले शिखर सम्मेलन भारतको लागि एक ऐतिहासिक क्षण रहेको बताउनुभएको छ भने उहाँले यस प्लेटफार्मले भारतलाई केवल एक उपभोक्ताको रूपमा मात्र नभएर एआई प्रौद्योगिकिहरुको निर्माताको  रूपमा पनि प्रदर्शित गरेको छ।

**डीआईबीडी-आरबीआई समझौता ज्ञापन**

डिजिटल इंडिया भाषिनी प्रभाग अनि भारतीय रिज़र्व बैंकले एक महत्वपूर्ण समझौता माथि हस्ताक्षर गरेको छ । यसको उद्देश्य बैंकिंग अनि वित्तीय सेवाहरुलाई संविधानको 8औ अनुसूचीको सबै 22 भाषाहरुमा उपलब्ध गराउनु हो । दुवै संस्थान मिलेर बैंकिंग शब्दावलीको लागि विशेष रूपमा तैयार गरिएको  एआई भाषा मॉडल विकसित गर्नेछ जसलाई "बैंकिंग भाषिनी" को नामले जानिने छ । यसमा बैंकिंग शब्दावली, नियामक ढांचा अनि क्षेत्र-विशिष्ट उपयोगको मामलाहरू सामेल हुनेछ ।**भाषादान** पहलको माध्यम द्वारा भाषाई डेटासेट लाई अझ अधिक समृद्ध बनाईनेछ ताकि एआई सिस्टमको सटीकता बढ़न सकोस् ।

**शिवराज-बैठक**

कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानले कृषकहरुको कल्याणका लागि राज्यहरुलाई आवंटित धनराशिको सय प्रतिशत उपयोग आगामी महिनाको 31 तारीख सम्म सुनिश्चित गर्ने बिषय माथि जोर दिनुभएको छ । उहाले नया दिल्लीमा

असम, बिहार, गुजरात, मध्य प्रदेश, राजस्थान, महाराष्ट्र औअनि हरियाणा सहित अन्य राज्यहरुका कृषि मंत्रिहरु अनि वरिष्ठ अधिकारिहरुसित राष्ट्रीय कृषि विकास योजना तथा कृषि उन्नति योजनाको प्रगतिबारे समीक्षा गर्न आयोजित वर्चुअल बैठकको अवधि यसो भन्नुभएको हो। केन्द्रीय मंत्रीले भन्नुभयो कि जमीनी स्तरमा कृषकहरु सम्म लाभ पुर्याउनको लागि केंद्रीय निधिहरुको समयमै अझ कुशल उपयोग आवश्यक छ।श्री चौहानले दोहर्याउनु भयो कि प्रधानमंत्री अन्नदाता आय संरक्षण अभियान अन्तर्गत केंद्र सरकारले कृषकहरुलाई राम्रो मूल्य समर्थन प्रदान गरिरहेको छ । रबी 2026 को मौसमको लागि मध्य प्रदेश, राजस्थान, महाराष्ट्र अनि गुजरात जस्ता राज्यहरुमा मूल्य समर्थन योजना अन्तर्गत चना, तोरी अनि मुसुरको बृहत मात्रामा खरीदलाई स्वीकृति दिईएको छ

**इंडो-जर्मनी**

भारत-जर्मन विज्ञान अनि प्रौद्योगिकी केंद्रले नया दिल्लीमा एकीकृत जल संसाधन प्रबंधन माथि रणनीतिक सम्मेलन 2026 को आयोजन गर्यो । सम्मेलनमा सतत जल प्रबंधन अनि जलवायु परिवर्तनसित जुझ्नको लागि भारत-जर्मनी सहयोगको महत्व माथि प्रकाश पारियो ।भारतमा जर्मन राजदूत फिलिप एकरमैनले सम्मेलनलाई संबोधित गर्दै विज्ञान, सतत विकास अनि जलवायु कार्रवाहीमा भारत-जर्मन साझेदारीलाई अझ दह्निलो बनाउने बिषय माथि जोर दिईयो। उहाले यस बिषय माथि पनि जोर दिनुभयो कि जल प्रबंधन एउटा साझा वैश्विक चुनौती हो अनि संयुक्त अनुसंधान, प्रौद्योगिकी विकास तथा ज्ञानको आदान-प्रदान प्रति जर्मनीको प्रतिबद्धतालाई दोहोर्याउनु भयो ।

BYTE

**टी-20 क्रिकेट विश्वकप**

टी-20 क्रिकेट विश्वकपमा हिजराति भएको सुपर-8 को म्याचमा इङ्ल्यान्डले पाकिस्तानलाई 2 विकेटले पराजित गरेको छ। श्रीलंकाको पल्लेकेले अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा भएको म्याचमा इङ्ल्यान्डले 5 बल बाँकी रहँदा 8 विकेट गुमाउँदै 165 रनको लक्ष्य पूरा गरेको थियो। इङ्ल्यान्डका कप्तान ह्यारी ब्रुकले केवल 51 बलमा उत्कृष्ट 100 रन बनाए भने लियाम डसनले 3 विकेट लिए। यसअघि पहिले ब्याटिङ गर्दै पाकिस्तानले निर्धारित 20 ओभरमा 9 विकेट गुमाउँदै 164 रन बनाएको थियो। पाकिस्तानका लागि साहिबजादा फरहानले 45 बलमा 63 रन बनाए भने शाहिन अफ्रिदीले 3 विकेट लिए। आज सुपर-8 को अर्को म्याचमा न्यूजीलैंडको भिडन्त श्रीलंकासित हुनेछ | यो म्याच कोलंबो स्थित प्रेमदासा स्टेडियममा साझ सात बजे शुरू हुनेछ ।